# अग्रगामी मोर्चा

## अवधारणा-पत्र

१. प्रस्तावना

हामी, नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र स्वतन्त्रता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको संरक्षणप्रति प्रतिबद्ध **लोकतान्त्रिक, प्रगतिशील, सामाजिक लोकतान्त्रिक, क्रान्तिकारी, श्रमिक, समाजवादी र समावेशी राजनीतिक** शक्तिहरूलाई एकताबद्ध गरी राजकीय सत्ता र शक्तिलाई अत्याधिक केन्द्रिकरण गर्ने सर्वसत्तावाद र अधिनायकवादी प्रवृत्तिलाई अन्त्य गरी स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय, समावेशीता, मानव अधिकार र नागरिक स्वतन्त्रता, विधिको शासन, सुशासन र जवाफदेहिता, समावेशी एवं सन्तुलित दिगो विकास र आर्थिक समृद्धिमा आधारित न्यायपूर्ण एवं समतामूलक समाजको निर्माणप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै अग्रगामी मोर्चाको स्थापना गर्दछौँ ।

हामी, नेपाली समाजको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक विशेषतालाई सम्मान गर्दै, पछाडि परेको/पारिएको वर्ग र जातिहरूको उत्थानलाई प्राथमिकतामा राख्दै जात, जाति, वर्ग, वर्ण, लिङ्ग, भाषा, धर्म, संस्कृति, भूगोल वा समुदायका आधारमा हुने सबै प्रकारका असमानता, विभेद, बहिष्करण र अन्यायको अन्त्य गर्दै समान अधिकार, राज्यद्वारा प्रदान गरिने सेवा, शक्ति र साधन- स्रोतमाथि समान पहुँच, अवसर, प्रतिनिधित्व तथा भागिदारी र समान सम्मानमा आधारित समतामूलक लोकतान्त्रिक समाज निर्माणका लागि प्रतिबद्ध छौँ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत तथा सुदृढ गर्दै मधेशी, आदिवासी जनजाति, थारू, महिला, दलित, मुस्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक समुदाय, युवा, श्रमिक, किसान, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत सबै समुदायलाई राज्यका सबै तहमा अर्थपूर्ण सहभागिता अर्थात् समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न निरन्तर सङ्घर्षरत् रहनेछौँ ।

हामी, पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त शासन प्रणालीको विकास, स्वतन्त्र न्यायपालिका, सक्षम सार्वजनिक प्रशासन, गुणस्तरीय र सर्वसुलभ शिक्षा एवं स्वास्थ्य

सेवा, सम्मानजनक रोजगारी, उत्पादनमुखी अर्थतन्त्र, कृषि आधुनिकीकरण, औद्योगिकीरकण, विज्ञान-प्रविधि नवप्रवर्तन, वातावरण संरक्षण तथा जलवायु अनुकूल विकासलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउने छौँ ।

हामी, शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धा लोकतान्त्रिक संवाद, सहमति, सहकार्य र साझा न्यूनतम कार्यक्रमका आधारमा राष्ट्रिय चुनौतीहरूको सामना गर्दै समृद्ध, न्यायपूर्ण, समावेशी र आत्मनिर्भर सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल निर्माण गर्न दृढ संकल्प गर्दछौँ ।

यस महान् उद्देश्य प्राप्तिका लागि हामी, विगतमा भएका, गरेका राजनीतिक क्रियाकलापहरूको विश्लेषण, मूल्याङ्कन र समीक्षा गरी आ-आफ्नो कमीकमजोरी र त्रुटिहरूलाई सुधार गर्दै, इतिहासबाट पाठ सिकेर आपसी विश्वास, पारस्परीक सम्मान, लोकतान्त्रिक आचरण र जनउत्तरदायित्वका साथ एकताबद्ध भई राष्ट्र/जनताको सेवामा समर्पित रहने सार्वजनिक प्रतिबद्धता व्यक्त गर्दछौँ ।

अग्रगामी मोर्चा लोकतन्त्र, समानता, स्वतन्त्रता, सुशासन, सङ्घीयता, सामाजिक न्याय, समावेशीता, धर्मनिरपेक्षता तथा आर्थिक विकास र समृद्धिका साथै सामाजिक-आर्थिक रूपान्तरणलाई प्राथमिकता दिने राजनीतिक शक्तिहरूको एउटा साझा मोर्चा हो ।

२. अग्रगामी मोर्चाको मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन् -

१) नेपालको शोषित, उत्पीडित तथा बहिष्करणमा परेका/पारिएका सीमान्तकृत समुदायहरूलाई एकताबद्ध गरी राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनका साथै राष्ट्रिय/जातीय, लैङ्गिक तथा वर्गीय मुक्तिका लागि निरन्तर सङ्घर्षरत रहिरहने ।

२) नेपालको बहुभाषिक, बहुराष्ट्रिय, बहुजातीय, बहुसाँस्कृतिक र बहुधार्मिक विविधतालाई राष्ट्रको शक्ति मान्दै आपसी सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ बनाउन विविधतालाई ‘एकताभित्र विविधता’ (Unity in Diversity) को सूत्रमा बाँध्ने, सामाजिक-साँस्कृतिक एकता (Socio-Cultural Unity) कायम गरी राष्ट्रियहितलाई सर्वोच्च प्राथमिकता दिई राष्ट्रियता अझ बलियो र दीर्घकालीन रूपमा सुरक्षित गर्ने ।

३) विगतका विभिन्न कालखण्डमा नेपालका मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिम, पिछडावर्ग, उत्पीडित जात, जाति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिलगायतका बहिष्करणमा परेका/पारिएका सीमान्तकृत समुदायहरूमाथि भए गरेका अन्याय, शोषण, विभेद र असमानतालाई

अन्त्य गरी उनीहरूको राष्ट्रिय/जातीय पहिचान (National/Ethnic Identity) को मान्यता, सहभागिता र न्यायोचित अर्थात् समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरी समावेशी लोकतन्त्रलाई संस्थागत गर्ने ।

४) जात, जाति, वर्ग, वर्ण, लिङ्ग, भाषा, धर्म, क्षेत्र वा समुदायका आधारमा हुने गरेका सबै प्रकारका विभेदको अन्त्य गर्दै सबै नागरिकले कुनै पनि प्रकारको भेदभाव तथा विभेदबिना समान सहभागिता, समान अवसर, समान अधिकार, समान सम्मान र न्यायमा आधारित समाजको निर्माण गरी सामाजिक न्यायको प्रत्याभूति गर्ने ।

५) वर्ण अर्थात् जात, जाति व्यवस्था (Caste System) द्वारा समाजलाई उत्पन्न नकारात्मक प्रभाव, असमानता, विभेद र उत्पीडनलाई अन्त्य गर्न सबै नागरिकलाई बिना भेदभाव समान अवसर, पारस्परिक सम्मान, सामाजिक र आर्थिक न्याय तथा मानव मर्यादाको आधारमा न्यायपूर्ण, समावेशी र विभेदरहित एकताबद्ध समाजको निर्माण गर्न जन्ममा आधारित विभेद, छुवाछूत र शोषणको संरचनालाई जरैदेखि उन्मूलन गरी सामाजिक-साँस्कृतिक रूपान्तरण गर्ने ।

६) सङ्घीय लोकतान्त्रिक प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकारभित्र रहने गरी आवश्यक अधिकार, स्रोत र क्षमता प्रदान गर्ने । प्रदेशमा स्वायत्त तथा स्वशासन र सङ्घमा 'साझा शासन' (Self-Rule and Shared-Rule) को सिद्धान्त अवलम्बन गर्ने ।

७) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र समावेशी लोकतन्त्रलाई व्यवहारतः संस्थागत गरी विकास गर्ने ।

८) स्वतन्त्रता, समानता, सामाजिक न्याय र मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

९) संयुक्त राष्ट्रसंघ (UNO) अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (1966) को नेपाल पनि पक्षराष्ट्र भएको हुनाले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार नेपाली जनतालाई प्रत्याभूति गराउने ।

१०) समान जनसङ्ख्याको आधारमा संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) र प्रदेश सभामा प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्ने । निर्वाचन क्षेत्र निर्धारण गर्दा भौगोलिक विकटता भएका हिमाली क्षेत्रलाई ध्यानमा राख्ने । चुनावी प्रतिस्पर्धामा आउन सक्ने न्यून सम्भावना भएका महिला र दलित समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गर्ने ।

११) गरिबी, बेरोजगारी, अशिक्षा र असमानतालाई घटाई सामाजिक तथा आर्थिक न्याय स्थापना गर्ने ।

१२) नेपालमा रहेको चरम गरिबी, बेरोजगारी, कुपोषण, भोकमरी र आधुनिक दास प्रथालाई अन्त्य गर्नका लागि सङ्घीय सरकारको योजनाअन्तर्गत आर्थिक सुधार, कृषि विकास, रोजगारीको सिर्जना र सामाजिक सुरक्षा जस्ता क्षेत्रमा केन्द्रित बहुआयामिक दृष्टिकोण अपनाउनु पर्दछ । यसका लागि रोजगार र उत्पादनमुखी अर्थतन्त्र, लगानी विस्तार, आर्थिक वृद्धि, व्यावसायिक कृषि, खाद्य सुरक्षा र आत्मनिर्भरता, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, निशुल्क गुणस्तरीय शिक्षा, सीपमूलक तालिमका साथै दक्षताको विकास (Capability Building), सार्वजनिक रोजगार सेवा सुदृढीकरण, सामाजिक सुरक्षा विस्तार, सुशासन तथा 'संस्थागत क्षमता अभिवृद्धि' (Institutional Capacity Building) लगायतका प्रमुख रणनीतिहरू अपनाएर सबै तहका सरकार, निजी क्षेत्र र नागरिक समाजको प्रतिबद्धता र सहकार्य गरी कार्य गर्ने ।

१३) गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, आवास र आधारभूत सेवामा सबैको पहुँच बढाउने । सबै नागरिकलाई  आफ्नो आयको आधारमा होइन, अधिकारका रूपमा शिक्षा, स्वास्थ्य र कानूनी सेवा उपलब्ध गराउने ।

१४) युवा, दलित, महिला, पिछडावर्ग तथा सीमान्तकृत सुमदायको नेतृत्व विकास तथा सशक्तिकरण गर्ने । लैङ्गिक हिंसाको अन्त्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गरी सबै तहमा पुरूष र महिलाका लागि समान अधिकार ।

१५) संवैधानिक सर्वोच्चता, कानूनी शासन (Rule of Law) र सुशासनलाई सुदृढ गर्ने ।

१६) **संविधान संशोधन-** नेपालको संविधान २०७२ मा संरचनात्मक त्रुटि र अनेकौं अस्पष्टता तथा कमीकमजोरीले गर्दा सङ्घीयता कार्यान्वयनमा चुनौती, अव्यावहारिक र जटील रहेका छन् । संविधान अधूरो, अपूर्ण र स्वामित्वको अभाव, अस्पष्ट सङ्घीयता र क्षेत्राधिकारको द्वन्द्व, अव्यावहारिक र त्रुटिपूर्ण प्रादेशिक संरचनाका साथै सीकाङ्कनसम्बन्धी विवाद हुनु, राजनीतिक अस्थिरता, समावेशीकरण र न्यायप्रणालीको कमजोरीका कारणले बहिष्करणमा परेका/पारिएका सीमान्तकृत समुदायहरूले सामाजिक न्याय र मौलिक हकको समेत व्यावहारमा उपभोग गर्न पाउने  अवस्था नहुनु, खर्चिलो, झन्झटिलो र जटील निर्वाचन प्रणाली, सरकार गठन सम्बन्धी जटिल व्यवस्था, न्यायपालिकासम्बन्धी त्रुटिपूर्ण व्यवस्था र जटीलता लगायतका कमीकमजोरी संविधानमा रहेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न यसलाई परिष्कृत एवं परिमार्जित गरी राजनीतिक स्थिरता, प्रतिनिधित्वको समानता, प्रदेशहरूको पुनर्संरचना, समानुपातिक प्रतिनिधित्व, समावेशी लोकतन्त्र र सामाजिक न्यायलाई सुदृढ बनाउन, न्याय प्रणाली र निर्वाचन प्रणालीमा  सुधार गर्न, शासकीय स्वरूप परिवर्तन गर्न, लोकतन्त्र, गणतन्त्र, सङ्घीय

प्रणाली, पहिचान, सामाजिक न्याय र समानता, मानव अधिकार तथा विधिको शासनलाई अझ बलियो बनाउन, राष्ट्रिय/जातीय, भाषिक, लैङ्गिक, सामाजिक-साँस्कृतिक समस्याहरूलाई सम्वोधन गर्न संविधानमा रहेको कमीकमजोरी र त्रुटिपूर्ण प्रावधानहरूलाई संशोधन, परिमार्जन अथवा पुनर्लेखन गर्ने ।

१७) नेपालको आर्थिक विकासलाई अगाडि बढाउन कृषि तथा कृषि आधुनिकीकरण, जलस्रोत तथा जलविद्युत, पर्यटन उद्योग, औद्योगिकीकरण र नीजि-सार्वजनिक साझेदारीको विकास, सुशासन र पूर्वाधार विकास, सहकारी तथा सामाजिक अर्थतन्त्र, शिक्षा, सीप र मानवपूँजी विकास, उद्योग तथा उत्पादन क्षेत्रको विकास, व्यापार तथा निर्यात प्रवर्द्धन, लगानी तथा नीजि क्षेत्रको विकासका मुख्य आधारहरूलाई समन्वित रूपमा अघि बढाई नेपालले दिगो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य प्राप्त गर्ने ।

१८) जनताको आधारभूत आवश्यकता परिपूर्ति, मानव संसाधन र स्रोतको विकास, समावेशी र सन्तुलित आर्थिक विकास, राज्य र समाजको लोकतान्त्रिकरण गर्ने ।

१९) उत्पादनमूलक दिगो आर्थिक विकास र उद्यमशीलताको प्रवर्द्धन र सम्मानजनक रोजगारीको अवसर विस्तार गर्ने ।

२०) राष्ट्रिय युवा रोजगार नीति कार्यक्रम अन्तर्गत नेपालका युवा वेरोजगारी समस्या समाधान गर्न युवा श्रम शक्तिलाई बजारको मागअनुसार ज्ञान, विज्ञान र प्रविधिमा आधारित गुणस्तरीय शिक्षा, तालिम, सीप विकास, रोजगार, स्वरोजगार, सामाजिक सुरक्षा र उद्यमशीलताको विकासलाई जोड दिनुर्छ । बैदेशिक रोजगारीबाट फर्किएकाहरूको सीप, पूँजी र प्रविधिलाई पनि उपयोग गर्नुपर्दछ । युवाहरूको चाहनाअनुसारको जीवन जिउन सक्ने क्षमता (Capability) विस्तार र विकास गरिनुपर्दछ । युवा बेरोजगारी समस्या समाधान गर्न राष्ट्रिय युवा रोजगारी कार्यक्रम, सीप विकास तथा प्राविधिक शिक्षाको व्यवस्था, डिजिटल नेपाल युवा कार्यक्रम, कृषि उद्यम तथा कृषि आधुनिकीकरण कार्यक्रम, औद्योगिक विस्तारलगायतका कार्यक्रमहरू संचालन गरी स्वदेशमै सम्मानजनक रोजगारी र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने ।

२१) प्राकृतिक स्रोतको संरक्षण, जलवायु परिवर्तनसँग अनुकूलन तथा स्वच्छ वातावरणलाई विकास नीतिको अभिन्न अङ्ग बनाई दिगो विकास र  वातावरण संरक्षण गर्ने ।

२२) आर्थिक असमानता घटाउन उत्पादनमुखी, आत्मनिर्भर र समावेशी अर्थतन्त्रको विकास, वित्तीय पहुँच विस्तार, शक्ति, साधन- स्रोतको न्यायोचित वितरण, प्रगतिशील कर प्रणाली, न्यूनतम ज्याला, सामाजिक सुरक्षा कार्यक्रम र सार्वजनिक  नीतिहरूद्वारा गरिबी र असमानता न्यून गर्ने ।

२३) जेष्ठ नागरिक, श्रमिक, किसान, असङ्गठित क्षेत्रका श्रमिक तथा विपन्न वर्गका लागि सामाजिक सुरक्षा प्रणाली सुदृढ गर्ने ।

२४) कल्याणकारी राज्य (Welfare State) को निर्माण गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा पेन्सन, वेरोजगारी सहायता लगायतका सेवा सबैका लागि उपलब्ध गराउन व्यवस्था गर्ने ।

२५) श्रमिक अधिकारको संरक्षणका लागि उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल, ट्रेड युनियनको अधिकार र सामाजिक सुरक्षा सुनिश्चित गर्ने ।

२६) डिजिटल नेपाल र नवप्रवर्तनका लागि डिजिटल सार्वजनिक सेवा, सूचना प्रविधि, उद्योगको विकास र कृत्रिम बुद्धिमत्ता (AI), स्टार्टअप र अनुसन्धानलाई प्रोत्साहन गर्ने ।

२७) सुकुमवासी समस्या (जग्गा विहीन तथा अव्यवस्थित बसोबास) समाधानका लागि व्यवस्थित, बैज्ञानिक र मानवीय दृष्टिकोण  अपनाउने । बास्तविक सुकुमवासी र जग्गा माफिया अर्थात् नक्कली सुकुमवासी पहिचान गरी संघ, प्रदेश र स्थानीय तहसमेतको एउटा संयुक्त संयन्त्र बनाई सँधैका लागि समस्या समाधान गर्ने उपायहरू अवलम्बन गर्ने ।

२८) **राष्ट्रियहितमा आधारित सन्तुलित परराष्ट्र नीतिः** नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, आर्थिक विकास, सुरक्षा र राष्ट्रियहितलाई सर्वोपरी राखी असल मैत्रीपूर्ण छिमेकी सम्बन्धका साथै सबै मुलुकहरूसँग समानता, पारस्परिक सम्मान र सहकार्यमा आधारित सम्बन्ध विस्तार गर्ने ।

३. सदस्यता :

१) अग्रगामी मोर्चाको उद्देश्यप्रति प्रतिबद्ध राजनीतिक दल/सङ्गठन सदस्य हुन सक्ने छ । सदस्यहरूले आफ्नो स्वतन्त्र राजनीतिक अस्तित्व, सङ्गठनात्मक संरचना तथा पहिचान कायम राख्ने छन् ।

२) सदस्य दलले मोर्चाको साझा न्यूनतम कार्यक्रम स्वीकार गर्नुपर्नेछ ।

३) सदस्य दलले मोर्चाको निर्णय र आचारसंहिताको सम्मान गर्नुपर्नेछ ।

४. सङ्गठनात्मक संरचनाः

मोर्चाको राष्ट्रिय, प्रादेशिक, जिल्ला र महानगर/उपमहानगर स्तरीय समिति रहनेछ । युवा, महिला र बौद्धिक सङ्गठनहरूको पनि मोर्चा निर्माण गरी परिचालन गर्न सक्नेछ । तर, आवश्यकताअनुसार राष्ट्रियस्तरका समितिले निर्णय गरी यसका अतिरिक्त अन्य तह र स्तरका मोर्चा समितिहरू पनि गठन गर्न सक्नेछ ।

५. नेतृत्वः

१) मोर्चाको नेतृत्व अथवा संयोजक सहमतिको आधारमा चयन गरिनेछ अथवा आवश्यक परे पालै पालो नेतृत्व (Rotational Leadership) प्रणाली अपनाउन सकिनेछ ।

२) नेतृत्वको कार्यकाल निश्चित अवधिका लागि हुनेछ, सोको निर्धारण आपसी सहमतिका आधारमा हुनेछन् ।

६. निर्णय कार्यविधि :

१) सकेसम्म सर्वसम्मतिबाट निर्णय गरिनेछ ।

२) सर्वसम्मति नभएमा लोकतान्त्रिक विधि र प्रक्रिया अनुसार हुनेछ ।

७. अनुशासनः

१) मोर्चाको निर्णयको सम्मान गर्ने सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

२) मोर्चाका घटक दलहरूले सार्वजनिक रूपमा मोर्चाको साझा निर्णय विपरीत गतिविधि गर्ने छैनन् ।

३) कुनै विषयमा विवाद उत्पन्न भए सोको समाधान आपसी समझदारी र सहमतिबाट गरिनेछ ।

८. संयुक्त राजनीतिक कार्यक्रमः

**निर्वाचनमा साझा रणनीति तथा आवश्यकताअनुसार संयुक्त सहभागिता-** आन्दोलन, जनसङ्घर्ष तथा जनजीविकासम्बन्धी अभियानहरू संयुक्त रूपमा संचालन गर्ने । राष्ट्रिय महत्वका राजनीतिक, आर्थिक तथा सामाजिक मुद्दामा साझा अवधारणा निर्माण गरी संयुक्त पहल गर्ने ।

९. निर्णय :

मोर्चाको प्रस्तावना र उद्देश्य अनुकूल हुने गरी राजनीतिक, सङ्गठनात्मकलगायतका अन्य आवश्यक निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

उपरोक्त अवधारण पत्रलाई स्वीकार गर्दै प्रतिवद्धता जाहेर गरी हस्ताक्षर गर्ने राजनीतिक पार्टी/दलहरू -

| | | |
|---|---|---|
| ...................... | ........................... | ....................... |
| उपेन्द्र यादव | डा.चन्द्रकान्त राउत | प्रभु साह |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| जनता समाजवादी पार्टी, नेपाल | जनमत पार्टी | आम जनता पार्टी |
| ..................... | .................... | ........................ |
| रेशम लाल चौधरी | संतोष परियार | रिजवान अंसारी |
| संरक्षक | अध्यक्ष | अध्यक्ष |
| नागरिक उन्मुक्ति पार्टी, नेपाल | प्रगतिशील लोकतान्त्रिक पार्टी | नेपाल सङ्घीय समाजवादी पार्टी |
| ..................... | | ............................ |
| डा. हरिनन्दन कुमार रंजन | | राम कुमार राई |
| अध्यक्ष | | अध्यक्ष |
| बहुजन एकता पार्टी, नेपाल | | खम्बुवान राष्ट्रिय मोर्चा |